मुक्तिनाथ दर्शन सेवा



दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागदुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क ३४९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ पुस २७ गते आइतबार ❑ 11 Jan. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## जोखिम बुझेर बीमा गर्न विज्ञहरुको आग्रह, नेपालमा बिमाको पहुच ४५ प्रतिशत

**पोखरापत्र संवाददाता**
पोखरा, २६ पुस

नेपालमा तीव्र गतिमा विस्तार भइरहेको जलविद्युत क्षेत्रसँगै त्यससँग जोडिएका इन्जिनियरिङ, सञ्चालन र प्राकृतिक जोखिमले कार तथा इन्जिनियरिङ बीमा दावीहरूलाई प्रत्यक्ष रूपमा प्रभावित गर्न थालेका छन् । जलविद्युत आयोजना औपचारिक रूपमा बीमाको दायरामा रहे पनि क्षति हुँदा अपेक्षित क्षतिपूर्ति नपाइने गुनासो बढ्दै गएको सरोकारवालाहरूले बताएका हुन् ।

नेपाल बीमा सर्वेक्षक संघ (निसा) द्वारा आयोजित "कार बीमा दावीहरू जलविद्युत जोखिमसँग जोडिएका छन्" विषयक एकदिने राष्ट्रिय अन्तरक्रिया कार्यक्रम शनिबार पोखरामा सम्पन्न भएको हो ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशीलदेव सुवेदीले पर्यटन र जलविद्युत नेपालका भविष्यका आधारस्तम्भ भएको उल्लेख गर्नुभयो । उहाँले निजी क्षेत्रसँगै सरकारी निकायहरूले पनि अनिवार्य रूपमा बीमा गर्नुपर्ने आवश्यकता औंल्याउनु भयो । सार्वजनिक सम्पत्तिको समेत बीमा हुनुपर्ने भन्दै यस विषयमा राज्यलाई स्पष्ट रूपमा बुझाउनुपर्ने कार्यकारी निर्देशक सुवेदीको भनाई थियो । सुवेदीका अनुसार 'जेनजी आन्दोलन' का क्रममा करिब २३ अर्ब रुपैयाँ बराबरको बीमा दाबी परे पनि दाबी योग्य रकम करिब १५ अर्ब रहेको छ । हालसम्म ६ अर्ब रुपैयाँ बराबरको बीमा दाबी भुक्तानी भइसकेको र साना सवारी साधन तथा साना रकमका अधिकांश दाबी भुक्तानी सम्पन्न भइसकेको उहाँले जानकारी दिनुभयो । ठूला भौतिक संरचना तथा परियोजना सम्बन्धी दाबी भने प्रक्रियामै रहेको बताउदै उहाँले भूकम्पपछिको अवस्थासँग तुलना गर्दा हाल बीमा दाबी भुक्तानी प्रक्रिया तुलनात्मक रूपमा छिटो भएको दाबी गर्नुभयो । नेपालमा हाल बीमाको पहुँच करिब ४५ प्रतिशत पुगेको उल्लेख गर्दै कार्यकारी निर्देशक सुवेदीले आफ्नो बाँकी तीन वर्षको कार्यकालमा यसलाई ५५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेको बताउनु भयो । सरकारको दीर्घकालीन लक्ष्य बीमाको पहुँच ६० प्रतिशत पुऱ्याउने रहेकाले संघ, प्रदेश र स्थानीय तहका सरकारहरू समेत सक्रिय हुनुपर्ने उहाँको भनाई थियो ।

नेपाल बिमक संघका अध्यक्ष एवं सिद्धार्थ प्रिमियर इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत वीरेन्द्र वैदवार क्षेत्रीले बिमा सचेतना र बिमा सम्बन्धि ज्ञान आवश्यक भएको बताउनु भयो । बिमा गर्दा डकुमेन्ट राम्रोसंग अध्ययन गरी बुझेर मात्र बिमा गर्न उहाँले आग्रह गर्नुभयो । कार्यक्रममा बोल्दै इन्स्योरेन्स सर्भेयर तथा इन्जिनियर बुद्धिराज अधिकारीले जलविद्युत आयोजनाका अधिकांश संरचना बीमामा आबद्ध भए पनि प्राविधिक, नीतिगत र प्रक्रियागत कमजोरीका कारण वास्तविक क्षतिभन्दा निकै कम दाबी भुक्तानी हुने गरेको बताउनु भयो । जोखिम मूल्याङ्कन, अन्डरराइटिङ र दाबी व्यवस्थापन कमजोर हुँदा बीमा प्रणालीप्रति जलविद्युत विकासकर्ताको विश्वास घट्दै गएको उहाँको भनाइ थियो । नेपाल लघुवित्त सङ्घका अध्यक्ष तथा भिजन लुम्बिनी ऊर्जा कम्पनीका अध्यक्ष जगत बहादुर पोखरेलले गण्डकी प्रदेशमा जलविद्युतको ठूलो सम्भावना रहेको उल्लेख गर्दै पछिल्लो समय बैंक तथा बीमा कम्पनीहरूले संस्थागत रूपमा जलविद्युतमा लगानी बढाइरहेको बताउनु भयो । तर जोखिम बहन गर्ने गरी वैज्ञानिक र यथार्थपरक बीमा नगर्दा समस्या झन् जटिल बन्दै गएको उहाँको भनाई थियो ।

जलविद्युत विकासकर्ता कुशल सुन्दर श्रेष्ठले आयोजना निर्माण र सञ्चालनका क्रममा देखिने जोखिमबारे प्रस्तुति दिँदै बाढी, पहिरो, लेदोयुक्त फोहोर पानी, प्राविधिक त्रुटि र मानवजन्य कमजोरी जलविद्युत क्षेत्रका प्रमुख चुनौती भएको बताउनु भयो । बाढी वा पहिरोका कारण जलविद्युतका टर्मिनल, ट्रान्समिटर, पावरहाउस र हेडवर्क्स क्षेत्रमा लेदोयुक्त पानी पसेर डुवान हुँदा आयोजना पुनः सञ्चालनमा ल्याउन लामो समय लाग्ने श्रेष्ठले जनाउनु भयो । यसले मर्मत खर्च, आम्दानी गुम्ने अवस्था र ऋणको ब्याजसहित ठूलो आर्थिक व्ययभार थपिने उहाँले स्पष्ट पार्नुभयो । "यस्ता जोखिमलाई सूक्ष्म रूपमा नबुझी गरिएको बीमा केवल कागजी औपचारिकतामा सीमित हुन्छ," उनले भने, "जोखिम पहिचान र मूल्याङ्कन नगरी गरिएको बीमाले संकटको बेला राहत दिन सक्दैन ।"

कार्यक्रममा जलविद्युत परियोजनाको सञ्चालन जोखिम र अन्डरराइटिङमा केन्द्रित प्यानल छलफल पनि गरिएको थियो । छलफलमा सुभाष दीक्षित, सालिको हाङ्मा सुब्बा(सानिमा जीआईसी), संजीव सुवेदी (जेबी बोडा) लगायत पुनर्बीमा एजेन्ट तथा बीमा विज्ञहरूको सहभागिता रहेको थियो । छलफलको सञ्चालन उदयराज अधिकारीले गरेका थिए । अर्को

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरामा आइतबार पृथ्वी जयन्ती मनाइने

**पोखरापत्र संवाददाता**
पोखरा, २६ पुस

पोखरामा आइतबार ३०४औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस मनाइने भएको छ ।

नागरिक मूल समारोह समिति २०८२, कास्कीले (पुस २७ गते) कास्की जिल्लाका ५० भन्दा बढी सामाजिक, धार्मिक, शैक्षिक तथा पेशा-व्यवसायगत संघ-संस्थाहरूको सहभागितामा विविध कार्यक्रम सहित पृथ्वी जयन्ती मनाउने भएको जनाएको छ । आइतबार बिहान पञ्चेबाजा, भजन-चुड्का, झाँकी तथा नाचगानसहितको शोभायात्रा मानवअधिकार चोक (चिप्लेढुंगा) बाट शोभायात्रा सुरु हुने भएको छ भने नगरका विभिन्न भागको परिक्रमा गर्दै पृथ्वीचोक पुगेर मूल समारोहमा परिणत हुने भएको कार्यक्रम संयोजक भोलाजंग सुवेदीले बताउनुभयो । राष्ट्र निर्माता पृथ्वीनारायण शाहको तस्बिरमा माल्यार्पण गरिनुका साथै प्राज्ञिक व्यक्तित्वहरूबाट उहाँको योगदान, राष्ट्रिय एकता र राष्ट्र निर्माणमा निर्वाह गर्नुभएको भूमिकामाथि विचार-विमर्श गरिने उहाँले जनाउनुभयो । मौलिक रैथाने इतिहासका ज्ञाता तथा अन्तर्राष्ट्रिय विश्व हिन्दु महासंघ धर्मसभाका अध्यक्ष गुरु वलभद्रनाथ योगीको प्रमुख आतिथ्यतामा कार्यक्रम आयोजना गरिने भएको छ । मार्गनिर्देशक ठाकुरप्रसाद बरालले नेपालको एकीकरणमा पृथ्वीनारायण शाहले पुऱ्याएको योगदान कहिल्यै भुल्न नहुने स्मरण गराउँदै इतिहासप्रति सम्मान र राष्ट्रिय एकताको भावना सुदृढ गर्न यस्ता कार्यक्रम आवश्यक रहेको बताउनु भयो । नागरिक मूल समारोह समिति कास्कीले राष्ट्रिय एकता दिवसका अवसरमा पोखरामा आयोजना हुने कार्यक्रममा सर्वसाधारणलाई समेत सहभागी भई राष्ट्रिय एकताको सन्देश फैलाउन आग्रह गरेको सचिव भूपेन्दू गिरीले बताउनु भयो । पृथ्वीनारायण शाहले विश्वको राजनीतिक मानचित्रमा नेपाललाई स्वतन्त्र, सार्वभौम र एकीकृत राष्ट्रका रूपमा स्थापित गर्न पुऱ्याउनुभएको योगदान अतुलनीय रहेको उहाँले स्मरण गर्नुभयो ।

## तनहुँमा एकैदिन तीन वटा शव फेला

**पोखरापत्र संवाददाता**
दमौली, २६ पुस

तनहुँको शुक्लागण्डकी नगरपालिकास्थित विभिन्न ठाउँमा शनिबार तीन वटा शव फेला परेका छन् । शनिबार बिहान शुक्लागण्डकी-५ कसेरीघाटमा निर्माणाधीन फोहोरमैला प्रशोधन केन्द्र नजिक दुई पुरुष र एक महिलाको शव फेला परेको हो ।

मृतकमध्ये एक जनाको पहिचान खुलेको छभने दुईको अझै सनाखत हुन नसकेको प्रहरीले जनाएको छ । पहिचान खुल्नेमा शुक्लागण्डकी नगरपालिका-११ पाल्पालीछापका अन्दाजी ४० वर्षीय नारायण विक रहेका जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिनुभयो । उहाँका अनुसार विक सोही प्रशोधन केन्द्र सञ्चालनको जिम्मा पाएको ग्रिन रोड प्रालिका कर्मचारी हुन् । शनिबार बिहान प्रशोधन केन्द्रका एक कर्मचारीले कम्पाउण्डबाहिर दुई पुरुषको शव देखेपछि इलाका प्रहरी कार्यालय बेलचौतारालाई खबर गरेका थिए । प्रहरी टोली घटनास्थलमा पुगेर अनुसन्धान सुरु गर्दा प्रशोधन केन्द्रबाहिरै टहरा बनाएर बस्नेमध्ये एक जना पुरुषको शव फेला परेको थियो । "सोही टहरामा पुरुषसँगै बस्दै आएकी एक महिला हराइरहेकी थिइन् । खोजी गर्ने क्रममा दिउँसो १२:०० बजेतिर दुई पुरुषको शव भेटिएको स्थानभन्दा करिब ७०० मिटर टाढा जनकल्याण माविको पछाडि कसेरीघाटको जङ्गलमा महिलाको पनि शव फेला परेको हो", प्रहरी नायब उपरीक्षक विकले भन्नुभयो । शुक्लागण्डकी-५ का वडाध्यक्ष दीर्घबहादुर थापाका अनुसार शवको प्रकृति अत्यन्तै बीभत्स भएको बताउनुभयो । उहाँका अनुसार मृतक नारायण विक र अर्का एक पुरुषको पेटमा धारिलो हतियार प्रहार गरिएको छभने महिलाको घाँटी रेटिएको अवस्थामा शव फेला परेको छ । घटनाको संवेदनशीलतालाई ध्यानमा राख्दै जिल्ला प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी उपरीक्षक टेकबहादुर कार्कीको नेतृत्वमा एक टोली र गण्डकी प्रदेश प्रहरी कार्यालयबाट तालिम प्राप्त कुकुरसहितको प्राविधिक

बाँकी अन्तिम पृष्ठमा ▶▶

## उनेपा र रास्वपाको एकता तोडिएसँगै उनेपाको अध्यक्षमा घिसिङ

**रासस**
काठमाडौं, २६ पुस

उज्यालो नेपाल पार्टी (उनेपा) को केन्द्रीय समिति बैठकले पार्टीको अध्यक्षमा कुलमान घिसिङलाई नियुक्त गर्ने निर्णय गरेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सँगको एकता तोडिएसँगै आज बसेको सो पार्टीको बैठकले अध्यक्षमा घिसिङलाई नियुक्त गर्ने निर्णय गरेको हो । बैठकपछि पत्रकार सम्मेलन गरी नवनियुक्त अध्यक्ष घिसिङले रास्वपासँग भएको सहमति भङ्ग भएको घोषणा गर्दै अब आफ्नो छुट्टै पार्टीको चुनाव चिह्न लिएर प्रतिनिधिसभाको निर्वाचनमा सहभागी हुने बताउनुभयो ।

उहाँले भन्नुभयो, "हाम्रो पार्टीलाई पदका लागि मोलमालाई गऱ्यौं भन्ने आरोप लागेको छ, यो गलत छ । यसअघि म वरियता क्रममा तल रहेर उपाध्यक्ष पदमा बसेको थिएँ । समावेशिता, सङ्घीयता लगायतको विषयमा पूरक सम्झौता नभएपछि एकता तोडिएको हो ।" अध्यक्ष घिसिङले आजै उज्यालो नेपाल पार्टीको सदस्यता लिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "आजै बसेको केन्द्रीय कमिटीको बैठकले अध्यक्षमा चयन गरेको छ । उनेपालाई आगामी दिनमा मेरो नेतृत्वमा देशव्यापी अभियानअन्तर्गत प्रभावकारी रूपमा चुनावी गतिविधिलाई अगाडि बढाउनेछु ।"

## पोखरामा सूचना-प्रविधि र स्टार्टअप मेला हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, २६ पुस



आउँदो माघ महिनाको अन्तिम साता पोखरामा युवाबाट उत्पादित सूचना-प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनी हुने भएको छ ।

नेपाल सरकारको युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत रहेको राष्ट्रिय युवा परिषद्ले पोखरा उद्योग वाणिज्य संघसँगको सहकार्यमा सो मेला आयोजना गर्न लागेको हो ।

मेलामा गण्डकी प्रदेशभित्रबाट छानिएका १५ वटा नवीन सोचमा आधारित उद्यम,बस्तु तथा सेवा वा प्रक्रियामा नवप्रवर्तनसँग सम्बन्धित व्यवसायको प्रदर्शनी गरिने छ । सो प्रदर्शनी प्रतिस्पर्धात्मक हुने र पहिलो हुनेले ४०,दोस्रोले ३० र तेस्रो हुनेले २० हजार रुपैयाँ प्राप्त गर्ने राष्ट्रिय युवा परिषद्का प्रशासकीय प्रमुख गेहनाथ गौतमले जाननकारी दिए । उनका अनुसार सो मेलामा सहभागिताका निम्ति परिषद्ले आउँदो साता सार्वजनिक सूचना जारी गर्नेछ । 'सहभागी हुन चाहनेहरुले अनलाइन फाराम भर्नुपर्नेछ । तीमध्ये छानिएकालाई मेलामा सहभागी गराइने छ,'परिषद्का प्रमुख गौतमले भने,'आवेदकको उमेर ४० वर्ष ननाघेको,उद्योग/व्यवसाय संचालन गरेको १० वर्षभन्दा बढी नभएको तथा सरकारी कार्यालयमा दर्ता भएको एवं वार्षिक कारोबार १५ करोडभन्दा बढी नभएको हुनुपर्नेछ ।' उनका अनुसार पोखराबाट सुरु गरिने यो प्रदर्शनी सातवटै प्रदेशमा आयोजना गरिने छ भने अन्तिममा काठमाडौंमा हुने बृहत प्रतिस्पर्धात्मक प्रदर्शनीमासमेत प्रदेशमा उत्कृट रहेकालाई सामेल गरिने छ । प्रदर्शनीको तयारीको सन्दर्भमा युवा परिषद्ले पोखरामा अभिमुखीकरण कार्यक्रमसमेत सम्पन्न गरेको छ । कास्कीसहित स्याङ्जा,बागलुङ,तनहुँ,पर्वतका उद्योगी/व्यवसायीको सहभागिता रहेको सो अभिमुखीकरण कार्यक्रममा बोल्दै उद्यमशीलता विकास विज्ञ इञ्जिनियर रमेश सुवेदीले नवप्रवर्तनमार्फत् रोजगारी सिर्जना र युवा पलायन रोक्नका लागि मेला आयोजना गरिएको बताए । सो कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले युवा पुस्ताको पलायन रोकियोस्,देशमै रोजगारी सिर्जना होस् भन्ने निजी क्षेत्रको चाहना रहेको बताए । गएको भदौमा भएको जेन-जी आन्दोलनको क्रममा उद्योगी/व्यवसायीमाथि भएको आक्रमणका कारण निजी क्षेत्र हतोत्साही बनेको उल्लेख गर्दै उनले यस्ता प्रदर्शनीले युवा पुस्तालाई प्रोत्साहित गर्ने धारणा राखे । पोखरा महानगरपालिकाको व्यवसाय प्रवर्द्धन केन्द्रका प्रमुख नवराज अधिकारीले उद्यमशीलता विकासका निम्ति पोखरा महानगरपालिकाले चालेका कदमहरुबारे जानकारी दिँदै युवा परिषद्ले आयोजना गर्ने कार्यक्रमले नयाँ सोचको विकास गराउने धारणा राखे । युवा परिषद्का उपसचिव तारापति खरेलले निजी क्षेत्र र खासगरी युवाहरुलाई सिर्जनात्मक व्यवसायमा सामेल गराउनका निम्ति मेला आयोजना गरिन लागेको बताए ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा महोत्सवको सुरक्षामा विशेष ध्यान दिइने

पोखरापत्र संवाददाता
पोखरा, २६ पुस

१४ औं संस्करणको पोखरा महोत्सवमा सुरक्षामा विशेष ध्यान दिइने भएको छ।

महोत्सवमा आउने दर्शक र महोत्सव स्थलको सुरक्षाका लागि, नेपाल प्रहरी, सशस्त्र प्रहरी, सादा पोशाकका प्रहरी, सेक्युरिटी गार्ड, स्वयंसेवक र सिसिटिभी क्यामेराको निगरानीबाट सुरक्षा प्रदान गरिने भएको हो।

कास्कीका सुरक्षा निकायका प्रतिनिधी र महोत्सव आयोजक बिचको बैठकले महोत्सवमा भइपरी हुन सक्ने घटनालाई मध्येनजर गरी महोत्सव स्थलको सुरक्षालाई चुस्त बनाइने निर्णय गरेको छ । सो अवसरमा वोल्दै कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले विगतका वर्षहरु भन्दा यो वर्ष सुरक्षामा विशेष ध्यान



दिनुपर्ने वताइन । अघिल्लो संस्करणमा कुनै अप्रिय घटना नघटेको भएतापनि अहिलेको परिस्थिती फरक रहेका कारण त्यसमा सम्पूर्ण सुरक्षा निकायले ध्यान दिन आवश्यक रहेको बताइन। महोत्सवकै आम्दानीबाट सामाजिक काम मार्फत युनाईटेड क्लबले आफ्नो पहिचान बनाउन सफल भएको बताउदै शर्माले १४ औं पोखरा महोत्सवको सफलताको समेत कामना गरिन। कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले महोत्सवमा कानुनले बञ्चित गरेका क्रियाकलापहरु सञ्चालन गर्न नहुने बताए। त्यस्तै जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक नविन कार्कीले जेन्जी आन्दोलन पछि कानुन हातमा लिने गरी मानिसहरुले अवान्छित क्रियाकलापहरु गर्ने गरेको बताउदै महोत्सव स्थलमा त्यस्ता हर्कत गर्नेलाई कडा कारबाही गर्ने बताए । पोखरा महोत्सव अन्य महोत्सव भन्दा फरक हुने भएकाले आफुहरुले त्यही अनुरुप सुरक्षा योजना बनाइ अगाडी बढेको उनको भनाइ रहेको थियो। सशस्त्र प्रहरी बल कालीका गणका सशस्त्र प्रहरी उपरीक्षक सूर्य प्रसाद तिमिल्सिनाले महोत्सवमा आवश्यक पर्ने सुरक्षाका लागि आफ्नो मातहतबाट सुरक्षाकर्मी परिचालन हुने बताए । युनाईटेड क्लबका अध्यक्ष लोक बहादुर थापाले विगतका महोत्सवहरुमा सुरक्षा निकायको साथ र सहयोगलेनै कुनैपनि अप्रिय घटनाहरु नभएको र यस पटकपनि साथ र सहयोग रहनेमा आफु आशावादी रहेको बताए। क्लबका महासचिव दिनेश सुनारले सञ्चालन गरेको कार्यक्रममा क्लबका कार्यसमिति सदस्य तथा महोत्सवका सुरक्षा व्यवस्थापन उप समिति संयोजक बुद्ध कार्कीले महोत्सव स्थलको बारेमा जानकारी गराएका थिए।

# एन प्याब्सन कास्कीले स्थापना दिवसमा हरिदेवीलाई सम्मान गर्ने

पोखरापत्र संवाददाता
पोखरा, २६ पुस

नेसनल प्याब्सन कास्कीले २७ औं स्थापना दिवसको अवसरमा बरिष्ठ गायिका तथा साहित्यकार प्राज्ञ हरिदेवी कोइरालालाई सम्मान गर्ने भएको छ।

आइतबार नेसनल प्याब्सन कास्कीले एक कार्यक्रमको आयोजना गरि शिक्षा/साहित्यसेवा सम्मान-२०८२ बाट बरिष्ठ गायिका तथा साहित्यकार प्राज्ञ कोइरालालाई सम्मान गर्ने भएको हो। कोइरालाई कार्यक्रमका प्रमुख अतिथि नेसनल प्याब्सनका संस्थापक अध्यक्ष बसन्तबहादुर श्रेष्ठ, र कास्कीका अध्यक्ष हेमन्त अधिकारीलेले सम्मान गर्ने कार्यक्रम रहेको छ।

त्यसैगरी स्थापना दिवसकै अवसर पारेर स्थापना वर्षको आधारमा विद्यालयहरू सम्मान, एस.ई.ई. २०८१ मा सतप्रतिशत विद्यार्थी उर्तीण गराउन सफल विद्यालयहरू सम्मान, एस.एल.सी. परीक्षा-२०८१मा सर्वोत्कृष्टनतिजाप्राप्तगर्न सफलविद्यार्थी/विद्यालय सम्मान, एस.ई.ई.परीक्षा-२०८१ मा सर्वोत्कृष्ट नतिजा प्राप्त गर्न सफल विद्यार्थी/विद्यालय सम्मान दीर्घ




सेवापदक सम्मान-२०८२ बाट सम्मान गरिने कार्यक्रम रहेको एन प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले जानकारी दिए।

यसैगरी एन प्याब्सन कास्कीले स्थापना दिवसको पूर्व सन्ध्यामा वातावरण संरक्षणका लागि महाअभियान कास्कीको समन्वय तथा पोखरा महानगरपालिका र खहरे आमा समूहको सहकार्यमा हल्लन चोकको फेवाताल किनारमा फेवाताल सफाइ कार्यक्रम आयोजना गरेको थियो।

उक्त अवसरमा एन प्याब्सन कास्कीले फेवताल किनार सफाइ गर्नका लागि आवश्यक सामाग्री डोको प्यालष्टिक र पञ्जा खहरे आम समूहलाई हस्तान्तरण गरेको थियो। उक्त अवसरमा बोल्दै एन प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले आजको कार्यक्रम सांकेतिक भएको बताए। 'आज संस्थाले गरेको यो कार्यक्रम सांकेतिक रुपमा रहेको छ' अध्यक्ष अधिकारीले भने, 'पोखराको सुन्दरतालाई जोगाई राख्नका लागि फेवाताल किनार सफाइ गर्न आवश्यक परेमा संस्थामा आवद्ध विद्यालयका विद्यार्थी शिक्षकहरुको पनि सहभागिता गराई काम गर्न हामी सधै तयार छौं ।' कार्यक्रममा वातावरण संरक्षणका लागि महाअभियान कास्कीका संयोजक राम बहादुर पौडेलले फेवातालका सौन्द्धर्यता कायम गर्न सवैले हातेमालो गर्नु पर्ने बताए। कार्यक्रममा खहरे आमा समूहकी पूर्व अध्यक्ष मैया थापाले पनि बोलेका थिए। शुक्रबार नै एन प्याब्सन कास्कीका पूर्व अध्यक्ष राम प्रसाद शर्माको पाँचौ दिनको पुन्यतिथीमा स्वं शर्माको निवासमा उपस्थित भई संस्थाले शोक सभा गरेको छ।

# पोखरामा ११ औँ राष्ट्रिय ज्ञानमाला सम्मेलन सुरु

पोखरापत्र संवाददाता
पोखरा, २६ पुस

पोखरामा शनिबारदेखि ११ औँ राष्ट्रिय ज्ञानमाला सम्मेलन-२०८१ सुरु भएको छ।

भगवान् गौतम बुद्धका उपदेश र धर्मदेशनालाई संगीतबद्ध भजनमार्फत समाजमा प्रवाह गर्ने उद्देश्य सहित सम्मेलन सुरु भएको राष्ट्रिय ज्ञानमाला संघका कोषाध्यक्ष राजभाइ शाक्य बताउनु भयो। हाल देशभर १४५ वटा ज्ञानमाला भजन मण्डली (खलः) रहेका छन् । तीमध्ये पोखरामा भइरहेको सम्मेलनमा ८५ वटा भजन मण्डलीका करिब १ हजार ५ सय प्रतिनिधि सहभागी भएको उहाँले जनाउनु भयो । सम्मेलनमा भारतको सिक्किमबाट समेत भजन टोली सहभागी भएको आयोजकले जनाएको छ। सम्मेलनको उद्घाटन नेपाल भिक्षु महासंघका केन्द्रीय अध्यक्ष भन्ते सोभित महास्थविरले गर्नुभयो। उहाँले हरेक व्यक्तिको खुशीका लागि मनोरञ्जन आवश्यक रहेको उल्लेख




गर्दै ज्ञानमाला भजनले व्यक्तिमा ऊर्जा र सकारात्मक सोच पैदा गर्ने बताउनुभयो। भगवान् बुद्धले देखाएको मार्गमा मानव जाति हिँड्न नसक्दा नै दुःख बढेको उहाँको भनाइ थियो । राष्ट्रिय ज्ञानमाला संघका अध्यक्ष रमना श्रेष्ठको अध्यक्षतामा उद्घाटन सत्र सम्पन्न भएको हो । सम्मेलनले पोखरा घोषणापत्र समेत जारी गर्ने भएको छ । सम्मेलनअघि धर्मशीला बुद्ध विहारबाट शान्ति र्‍याली निकालिएको थियो । र्‍याली पालिखेचोक, महेन्द्रपुल, चिप्लेढुंगा र न्यूरोड हुँदै पोखरा सभागृहमा पुगेर सभामा परिणत भएको थियो। र्‍यालीमा विभिन्न ज्ञानमाला भजन मण्डलीको सहभागिता रहेको थियो।

यसैबिच, पोखरा ३ नदीपुरमा रहेको धर्मशीला बुद्ध विहारका प्रमुख भिक्षु धजवन्तोले पुनर्निर्माण कार्यको करिब ४० प्रतिशत काम सम्पन्न भइसकेको जानकारी दिनुभयो । करिब ६ करोड रुपैयाँको परियोजना अघि बढिरहेको विहारका सदस्य रविन कायस्थले बताउनुभयो। यही पुस २८ गतेसम्म सञ्चालन हुने ११ औँ राष्ट्रिय ज्ञानमाला सम्मेलनले बुद्धका सन्देशलाई भजनमार्फत समाजमा फैलाउँदै धार्मिक, सांस्कृतिक तथा आध्यात्मिक चेतनामा थप योगदान गर्ने अपेक्षा गरिएको छ। कोषाध्यक्ष शाक्यले भन्नुभयो "ज्ञानमाला भन्नाले बुद्धका शिक्षालाई कविता र गीतको माध्यमबाट प्रस्तुत गरिने भजनलाई जनाउँछ, जसको शाब्दिक अर्थ 'ज्ञानको माला' हो ।" नेपालमा बौद्ध धर्मको पुनर्जागरणपछि भिक्षुहरूले बुद्धका सन्देश जनमानससम्म छिटो पुर्‍याउन कविता र गीत रचना गर्न थालेका थिए । ती रचनालाई लय हालेर गाउन थालिएपछि ज्ञानमाला भजनको परम्परा स्थापित भएको हो। ज्ञानमालाका संस्थापक तथा परिकल्पनाकारका रूपमा भिक्षु धम्मालोक र भिक्षु अमृतानन्दलाई लिने गरिन्छ। राष्ट्रिय ज्ञानमाला सम्मेलनको पहिलो संस्करण वि.सं. २०५० सालमा स्वयम्भू ज्ञानमाला भजन खलःले आयोजना गरेको थियो। त्यसयता पाल्पा, भक्तपुर, धरान, ललितपुर, बुटवल, कीर्तिपुर, पनौती, चाबहिल र बनेपा हुँदै अहिले पोखरामा ११ औँ सम्मेलन आयोजना गरिएको हो।

# नवआदर्श सामुदायिक विकास समाजको साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, २६ पुस

पोखराको लामाचौरमा रहेको नव आदर्श सामुदायिक विकास समाजको २९ औं साधारण सभा सम्पन्न भएको छ।

सभाको उद्घाटन गर्दै समाजका मानार्थ सदस्य एवं नेपाल सरकारका पूर्व सचिव बाबुराम आचार्यले समाजको विकास र रूपान्तरणका लागि सामाजिक संघ संस्थाको भुमिका महत्वपुर्ण हुने बताए। उनले यस क्षेत्रको सामाजिक तथा आर्थिक विकासमा समाजले खेलेको भुमिका उल्लेखनीय रहेको बताए।

पोखरा १९ का वडा अध्यक्ष पुष्पेन्द्र पाण्डेले वडा भित्रका विकास निर्माणका काममा स्थानीय संघ संस्थासंग सहकार्य गरी अगाडी बढ्न वडा कार्यालय




तयार रहेको बताए ।उनले वडाभित्रका सामाजिक कार्यमा संस्थाले खेलेको भुमिकाको प्रशंसा गरे। समाजका पुर्व अध्यक्ष नविन भण्डारीले तीज महोत्सवलाई दिर्घकालिन रुपमा संचालन गर्न कोष स्थापना गरिएको बताउँदै, त्यसले संस्कृति जर्गेनामा सहयोग पुर्याउने बताए। समाजका अध्यक्ष ईन्जिनीयर दिनेश भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा पुर्व अध्यक्ष रेश्मा शेरचन अधिकारी, सल्लाहकार रूद्र थापा, पुर्व सल्लाहकार तारा गर्बुजा लगायतले सामुहिक एकताबाट नै समाज बिकास हुने धारणा राखे । सो अवसरमा तीज मेलामा सहयोग गर्ने विदेशी भगिनी संस्थाका सदस्यका अभिभावकलाई सममान गरिएको छ । सभाले अध्यक्ष भण्डारीको प्रतिवेदन, सचिव शोभा बानियाँको प्रगति प्रतिवेदन र कोषाध्यक्ष विष्णुमाया बानियाँले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन पारित गर्यो।

समाजका द्वीतिय उपाध्यक्ष हरिबहादुर थापाले स्वागत गरेको सभाको संचालन सचिव शाोभा बानियाँले गरेकी थिईन् । समाजमा २ जना यसस्कर सदस्य सहित ४२७ जना आजिवन, २९ साधारण, संस्थागत ४ र ५ जना मानार्थ सदस्य आवद्ध छन् ।

# नेपाल रेडक्रस सोसाइटी पोखरा २७ उपशाखाको साधारण सभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २६ पुस

नेपाल रेडक्रस सोसाइटी पोखरा महानगरपालिका २७ उपशाखाको २८ औंसाधारण सभा शनिवार सम्पन्न भएको छ ।

उपशाखाका सभापति बोधराज लामिछानेको अध्यक्षतामा भएको सो साधारण सभाको उद्घाटन गर्दै पोखरा महानगरपालिकाका वडा नं २७ का वडाअध्यक्ष पुर्णकुमार गुरुङले रेडक्रसकर्मीहरु मानवीय पीडा तथा जोखिम कम गर्न जुनियर, युवा, महिला सबै रेडक्रसकर्मीहरु लाग्न आग्रह गर्दै सामाजिक संघसंस्थाका कार्यहरुमा वडाको साथ सहयोग रहने वताए । उपशाखाकी कोषाध्यक्ष विष्णुकुमारी लामिछानेले रेडक्रसका सात सिद्धान्त वाचन गरेको उक्त कार्यक्रममा लेखनाथ उद्योग वाणिज्य संघका द्धितीय उपाध्यक्ष



ध्रुवबाबु भट्राई, नेपाल रेडक्रस सोसाईटी कास्कीका उपमन्त्री डिल्लीराम बराल, लक्ष्मीआदर्श बहुमुखी क्याम्पसका प्रमुख हेमराज आचार्य, सल्लाहकार प्रकाशलाल श्रेष्ठ लगायतले रेडक्रसका वारेमा आ आफना धारणा राख्दै उपशाखाले खानेपानी, प्राथमिक उपचार, विगतमा एम्बसलेन्स सञ्चालन, रक्तदान, जुरेस पुनर्गठन आदिमा गरेका कार्यहरुको प्रशंसा गरेका थिए। साथै एम्बसलेन्स पुनः सञ्चालन गर्ने, सडक मापदण्डमा परेको कार्यालय भवन स्थानान्तरण गर्नुपर्नेमा जोड दिएका थिए । प्रभाकुमारी पौडेलको सचिबको प्रतिबेदन र विष्णुकुमारी लामिछानेको कोषाध्यक्षको प्रतिबेदन सर्वसम्मत पारित भएका थिए भने तारादेवी गुरुङ्ग र लामिछानेलाई सम्मान गरिएको सो कार्यक्रमको सञ्चालन उपशाखाका सचिव प्रभाकुमारी पौडेलले गरेकी थिइन् ।सोही अवसरमा नयाँआजीवन सदस्यहरुलाई रेडक्रस अभियानमा स्वागत गरिएको थियो। उपशाखामा २४६ पुरुष र ७७ महिला सदस्यहरु रहेका छन्।

# हातहतियार बुझाउन कास्की प्रशासनको आग्रह

पोखरापत्र संवाददाता
पोखरा, २६ पुस

जिल्ला प्रशासन कार्यालय, कास्कीले कुनै व्यक्ति वा समूहसँग अवैध हातहतियार भएमा आगामी माघ १५ गतेभित्र नजिकको प्रहरी कार्यालयमा बुझाउन सूचित गरेको छ।

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित वातावरण सम्पन्न गर्न कार्यालयले सार्वजनिक सूचनामार्फत उक्त आग्रह गरेको हो । तोकिएको समयमा हातहतियार तथा खरखजना नबुझाएमा प्रचलित कानुनबमोजिम हुने जनाइएको छ।

कार्यालयले निर्वाचनलाई लक्ष्य गरी जिल्लाको सुरक्षा व्यवस्थालाई चुस्त र प्रभावकारी बनाउन तयारी अगाडि बढाएको छ।

# तनहुँमा ...

टोली घटनास्थलमा खटिएको छ। शवपरीक्षणका लागि दमौलीस्थित प्रादेशिक अस्पताल पठाइएको छ । घटनाले स्थानीय त्रसित बनेका छन् भने प्रहरीले अपराधी उम्कन नपाउने गरी नाकाहरूमा निगरानी बढाएको छ । प्रारम्भिक अनुसन्धानबाट यो नियोजित हत्या भएको हुनसक्ने प्रहरीको भनाइ छ । "घटनास्थलमा तालिम प्राप्त कुकुर र फरेन्सिक टोली परिचालन गरेर सूक्ष्म अनुसन्धान गरिरहेका छौं । मृतक दुई जनाको पहिचान खुल्न बाँकी छ, उनीहरू कवाडी सङ्कलनको काम गर्ने बुझिएको छ। हामीले शङ्कास्पद व्यक्तिको खोजी र प्राविधिक विश्लेषणलाई तीव्रता दिएका छौं, छिट्टै सत्यतथ्य बाहिर ल्याउनेछौं", प्रहरी नायब उपरीक्षक विकले भन्नुभयो।

# जोखिम ...

सत्रमा इन्जिनियरिङ बीमा तथा बीमा नीतिका विषयमा केन्द्रित प्यानल छलफल भएको थियो । छलफलमा नेपाल पुनर्बीमा कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्र थापा, र नेको इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत अशोक खड्काले बीमा बजार, पुनर्बीमा चुनौती र जोखिम व्यवस्थापनका विषयमा धारणा राख्नु भएको थियो।

कार्यक्रममा सहभागी वक्ताहरूले जलविद्युत र पर्यटन नेपालका दीर्घकालीन भविष्य भएकाले जोखिमलाई गहिरो रूपमा बुझेर, बाढी-पहिरो, लेदोयुक्त डुवान, संरचनागत क्षति र सञ्चालन अवरोधजस्ता सम्भावित जोखिमलाई समेट्ने गरी समयमै र वैज्ञानिक ढंगले बीमा गर्नुपर्ने निष्कर्ष निकाल्नु भएको छ। स्पष्ट बीमा नीति, दक्ष सर्भेयर, वैज्ञानिक अन्डरराइटिङ र पारदर्शी दाबी प्रक्रिया मार्फत मात्र जलविद्युत क्षेत्रमा बीमाप्रतिको विश्वास बलियो बनाउन सकिने उनीहरूको भनाई थियो।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ।
- विदुरनीति

## सम्पादकीय

# टिकेन रास्वपा र उनेपा एकता

पुराना राजनीतिक शक्तिलाई चुनौती दिँदै नयाँ शक्ति निर्माण गर्ने भन्दै राष्ट्रिय स्वतन्त्र पार्टी र उज्यालो नेपाल पार्टीबीच भएको एकता दुई हप्ता टिक्न सकेन। वैकल्पिक राजनीतिक शक्ति निर्माणको नाममा भएको सहमति पद, र नेतृत्वको विवादका कारण १२ दिनमै भंग भयो। विचार र आदर्श विना पदको लागि भएका एकता दिगो हुँदैनन् भन्ने धेरै उदाहरण छन।जवर्जस्ती गरिएको एकता टिकाउ हुन सक्दैन।रवि, बालेन र कुलमानको एकता सिद्धान्त, आदर्श र लोकतन्त्रका लागि थिएन। पद र अवसरका लागि थियो। सार्वजनिक रूपमा सैद्धान्तिक असहमति र प्रक्रियागत समस्या भनिए पनि यो सहमति भित्र व्यक्तिगत अस्तित्वका कुरा जोडिएका थिए। समझदारी व्यक्तिकेन्द्रित थियो। शक्ति सन्तुलनको अस्पष्टता र नेतृत्वको वर्चस्वको द्वन्द्व सुरुमै देखिएको थियो। पुराना राजनीतिक शक्तिलाई देखाउन खोज्दा सिद्धान्त बारे बहस नहुँदा आउने स्थिति यस्तै हो।

दुई दलले भदौ २३ र २४ को जेनजी आन्दोलन, भ्रष्टाचारविरोधी चेतना, सुशासन र मेरिटोक्रेसीको नारालाई मूल आधार बनाउँदै रास्वपा र उज्यालो नेपाल पार्टीबीच सात बुँदे सहमति भएको थियो। सहमतिपत्रमा 'सबै सुसंस्कृत एवं परिवर्तनकामी शक्तिहरूको सहकार्य' मार्फत नयाँ राजनीतिक शक्ति निर्माण गर्ने उद्घोष गरेको थियो। यी सबै देखाउनका लागि थिए। लोकप्रियतावादीमा हुने राजनीतिक महत्त्वाकांक्षा रवि र कुलमान छामहत्त्वाकांक्षी रवि सहकारीको ठगी र सम्पत्ति शुद्धीकरण मुद्दाका कारण प्रधानमन्त्री हुन सक्ने अवस्था छैन। कुलमानमा जागेको राजनीतिक महत्त्वाकांक्षा रास्वपाले पूरा गरिदिने अवस्था नदेखाएपछि एकता तोड्नु अस्वभाविक होइन। तर सहमतिका बुँदा जति आदर्शवादी थिए, व्यवहार त्यति नै विरोधाभासी देखियो। सहमतिमा लोकतान्त्रिक अभ्यास, समावेशिता र योग्यता प्रणालीको कुरा गरिए पनि नेतृत्व संरचना भने पहिल्यै 'फिक्स' गरिएको थियो। यसका कारण सुरूमै विवाद भयो। सात बुँदे सहमतिका केही बुँदाहरू आफैंमा विवादका कारक बने। विशेषगरी चौथो बुँदाले एकता पश्चात् पनि रास्वपाको सभापति रवि लामिछाने नै रहने र कुलमान घिसिङ, डीपी अर्याल र स्वर्णिम वाग्ले उपसभापति रहने उल्लेख थियो। यसले उज्यालो नेपाललाई बराबरीको साझेदार होइन, समाहित हुने समूहको रूपमा सीमित गरिदिएको थियो। नेतृत्वको भूमिकाबारे स्पष्ट शक्ति बाँडफाँड नभएकै कारण उज्यालो नेपालभित्रै असन्तुष्टि सुरूमै चुलियो। तीन उपसभापति समान हैसियताका हुने भनिएको थियो। तर रास्वपाका नेताहरूका अनुसार सहमति भएपछि कुलमानले आफूलाई वरिष्ठ उपासभापति बनाउनुपर्ने माग गरे। यो कुरा रास्वपा मान्न तयार भएन।

उज्यालो नेपाल पार्टीका नेताहरूका अनुसार पदाधिकारीमा उपसभापति बाहेक कोही पनि दिइएन। उज्यालोले उपसभापति हो भने एउटा महामन्त्री पद पनि दिनुपर्ने माग राखेका थिए। तर महामन्त्री पद बालेन समूहलाई दिने समझदारी भएकाले रवि लामिछाने पक्ष त्यो माग स्वीकार्न तयार भएन। केन्द्रीय समितिमा २१ जना दिने भनिए पनि पछि १२ जना मात्र कुलमान पक्षबाट पर्ने भए। यसमा पनि कुलमान पक्षको असन्तुष्टी रह्यो। उज्यालो नेपालले सुरुमा ५१ सदस्यीय केन्द्रीय समिति बनाएको थियो। उज्यालोले पछि बढाएर ९४ सदस्यीय बनायो। त्यसैले आफ्नो समूहलाई एकताबद्ध राख्न पनि कुलमानले २१ सदस्य बनाउनुपर्ने माग गरेका थिए। तर त्यो माग पुरा भएन। समानुपातिक तर्फका उम्मेदवार छनौटमा पनि विवाद देखियो। उज्यालोले सुरुमा १८ जना समानुपातिकमा राख्नुपर्ने भनेको थियो। तर समानुपातिकमा १४ जनाको मात्र नाम समेटिएको थियो। समानुपातिक सूचीको नामावलीलाई लिएर पनि सुरूमै विवाद भएको थियो।

रास्वपासंगको एकता उपसभापति बन्ने भन्ने सझदारी भएपछि कुलमानमाथि मन्त्री पदमा बसिरहन नैतिक संकट सिर्जना भयो। उनले योबीचमा पदबाट राजीनामा पनि दिए। पार्टी समायोजनका लागि रविसँग पटक पटक छलफल गरे। तर आफ्नो सम्मानजनक अवस्था भएन। रास्वपा र उज्यालो नेपालमा रहेका नेताहरु गठबन्धनले पुराना दलहरूमा देखिएको पदलोलुपता, गुटबन्दी र शक्ति संघर्षको आलोचना गर्थ्यो। तर जेको आलोचना उनीहरु गर्थे त्यही खालको व्यवहार र शैली उनीहरुले पनि देखाए। यही शैलीका कारण उनीहरूबीचको एकता भंग भयो। सहमतिमा पार्टीको नाम, झन्डा र चुनाव चिन्ह सबै रास्वपा नै राख्ने उल्लेख थियो। त्यसले उज्यालो नेपालका लागि आफ्नै पहिचान जोगिने कुनै सुनिश्चितता भएन। यसले एकताभन्दा बढी विलयको सन्देश दियो। त्यसैले कुलमान पक्षले पार्टीको नाम फेर्ने प्रस्ताव पनि राखेको थियो। जुन कुरा रविका लागि स्वीकार्य भएन। एकतापछि पार्टी सञ्चालन, सार्वजनिक अभिव्यक्ति र संगठन विस्तारका विषयमा देखिएका मतभेद छिट्टै सतहमा आए। निर्णय प्रक्रियामा उज्यालो नेपालको भूमिका सीमित भएको, नेतृत्व तहमा छलफलभन्दा आदेश बढी आएको र राजनीतिक भविष्य अस्पष्ट देखिएको भन्दै असन्तुष्टि चुलियो। अन्ततः कुलमान घिसिङले उज्यालो नेपाल पार्टीलाई पुनः स्वतन्त्र रूपमा अघि बढाउने निर्णय गरेर आफैं अध्यक्ष बने। यसले नेपालमा नयाँ राजनीतिक शक्ति निर्माण कति जटिल छ भन्ने फेरि प्रमाणित गरेको छ। केवल नाराले होइन, स्पष्ट संरचना, लोकतान्त्रिक निर्णय प्रणाली र शक्ति सन्तुलन बिना एकता दिगो हुँदैन भन्ने पनि देखाएको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : मानसिक तनाब | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शुभ यात्रा | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# दश करोड बढीमा बिक्री भए भीरकोटका सुन्तला

**पोखरापत्र संवाददाता**
वालिङ, २६ पुस

स्याङ्जाको भीरकोट-७ बाट यस वर्षमात्रै रु दश करोड बढीको सुन्तला बिक्री भएको छ। वडाका विभिन्न टोलमा रहेका सुन्तला बगैँचाबाट गाउँमा रु दश करोड बढी भित्रिएको हो।

वडाभित्रका सुन्तला उत्पादक कृषकहरूसँग लिइएको तथ्याङ्कका आधारमा यस वर्षमात्रै ७ नं वडाबाट रु दश करोड बढीको सुन्तला बिक्री भएको वडाध्यक्ष तारा अर्यालले जानकारी दिनुभयो। वडाका जिमिरे, लोलुङ्गा, बलमाटा, तिलाहार, पाङसाङ, पासिन्डाँडा, कोलडाँडा, धोवादीलगायत टोलका स्थानीय सुन्तला व्यावसायी कृषकहरूले न्यूनतम रु एक लाखदेखि अधिकतम रु ३५ लाखसम्म आम्दानी गर्न सफल भएका उहाँले बताउनुभयो। सुन्तला उत्पादक कृषकले ठेक्का तथा प्रतिकेजी किलोको रु ७० का दरले बोटबाटै बिक्री गरेका हुन्। "सुन्तला उत्पादक कृषकहरूले बिक्री गरेको परिमाण, मूल्यका आधारमा जानकारी लिँदा सुन्तला बिक्रीबाट रु दश करोड बढी आम्दानी भएको पाइयो", उहाँले भन्नुभयो, "वडामा सुन्तलाको बगैँचा विस्तार गर्ने क्रम जारी रहेकाले आगामी वर्षहरूमा उत्पादन वृद्धि हुँदै जाँदा आम्दानी पनि स्वतः वृद्धि हुने छ।" सुन्तलाबाट राम्रो आम्दानी हुन थालेपछि कोदो, मकै हुने बारीहरूमा सुन्तला बगैँचा विस्तार गर्ने क्रम बढ्दै गएको छ। सुन्तलाको पकेट क्षेत्रको रूपमा रहेको भीरकोट-७ मा तीन वर्षअघि बगैँचा विस्तार गरिएको थियो। आम्दानीसित जोड्नका लागि थप ५०० रोपनी क्षेत्रफलमा पन्ध्र हजार ५०० बिरुवा रोपिएको थियो। यहाँका कृषकहरूलाई सुन्तलाखेतीप्रति थप आकर्षित गर्नका लागि सुन्तला बगैँचा व्यवस्थापन शिविर, उपकरण हस्तान्तरण, रोग कीरा नियन्त्रणसम्बन्धी सहजीकरण तथा परामर्श दिइएको उहाँले बताउनुभयो। "यहाँ उत्पादन भएको सुन्तला काठमाडौँ, पोखरा, बुटवल, नारायणगढसहित स्थानीय बजारमा खपत हुने गरेको छ", उहाँले भन्नुभयो, "ज्याला, ढुवानीसहित हाल प्रतिकेजी रु ७० का दरले बोटबाटै व्यापारीले लैजाने भएकाले बजारको कुनै समस्या छैन।" भीरकोट-७ जिमिरेका सुन्तला कृषक देवीलाल अर्यालले यस वर्ष रु १५ लाख बढीको सुन्तला बिक्री गर्नुभएको छ। उहाँले अहिले प्रतिकेजी रु ७० का दरले सुन्तला बगैँचाबाटै बिक्री गरिरहनुभएको छ। सोही वडाको लोलुङ्गाका ७१ वर्षीय लालप्रसाद कोइरालाले पनि यस वर्ष रु १५ लाख बढीको सुन्तला बिक्री गर्नुभएको छ। यहाँका विभिन्न टोलमा रहेका सुन्तला बगैँचाबाट धेरैजसो सुन्तला बिक्री भइसकेको छ भने केही बिक्री हुनेक्रममा छन्। स्याङ्जाबाट यस वर्ष रु एक अर्ब ३२ करोड मूल्यको सुन्तला उत्पादन भएको छ। राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ स्याङ्जाका सूचना अधिकारी प्रतिभा बुढाथोकी क्षेत्रीका अनुसार स्याङ्जामा यस वर्ष कूल २३ हजार २३८ मेट्रिक टन सुन्तला उत्पादन भएको हो। स्याङ्जामा गत वर्षको तुलनामा यस वर्ष २० करोड बढी मूल्यको सुन्तला उत्पादन भएको हो। गत वर्ष २० हजार ८४ मेट्रिक टन सुन्तला उत्पादन भएको थियो।

# पोखरामा थकाली सेवा समितिको महाधिवेशन सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २६ पुस

थकाली समुदायको सामाजिक संस्था थकाली सेवा समिति को १४औँ महाधिवेशन आजदेखि पोखरामा सुरु भएको छ।

थकाली समुदायको हकहित संरक्षण गर्नुका साथै कला, संस्कृति र भेषभूषाको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले स्थापना भएको समितिको महाधिवेशन आजदेखि पोखरामा सुरु भएको समितिका प्रतिनिधि योगेन्द्र शेरचन बताउनु भयो। महाधिवेशनको उद्घाटन थकाली समुदायका जेष्ठ नागरिक, १०१ वर्षीय पदमबहादुर गौचन ले एक समारोहका बीच गर्नुभएको हो। उद्घाटन समारोह गजेन्द्र तुलाचन को अध्यक्षतामा सम्पन्न भएको हो। महाधिवेशनमा नेपालका विभिन्न १९ स्थान तथा विदेशका जापान, बेलायत र अस्ट्रेलियाबाट गरी २५५ जना प्रतिनिधि सहभागी छन्। पुस २७ गतेसम्म चल्ने महाधिवेशनले समितिको नयाँ नेतृत्व चयन गर्ने कार्यक्रम समेत रहेको छ। यसअघि महाधिवेशनको अवसरमा पोखरामा बाजा-गाजा सहितको र्‍याली प्रदर्शन गरिएको थियो, जसले कार्यक्रमलाई थप आकर्षक बनाएको थियो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३३ जामुने बोट तिलैपाध्या सडक स्तरोन्नति गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः जामुने बोट तिलैपाध्या सडक स्तरोन्नति
ठेगानाः पोखरा-३३, जामुनावोट
योजना सम्झौता मितिः २०८२/०८/०७ गते
योजना शुरु मिति : २०८२/०८/१० गते
योजना सम्पन्न हुने मितिः २०८२/११/१५ गते
योजना सम्पन्न भएको मितिः २०८२/०९/१५ गते
योजनाको कुल लागतः रु. ८,८९,९५८.५७
महानगरपालिकाबाटः रु. ८,००,०००।-
जनसहभागिताबाटः रु. ८९,९५८.५७
उपभोक्ता समिति अध्यक्षः जगन्नाथ आचार्य
सम्पर्क नं.: ९७६५६५५७७७
उपभोक्ता समिति सदस्यः ९ जना महिलाः ३ पुरुषः ६ जना

**जामुने बोट तिलैपाध्या सडक स्तरोन्नति**
**उपभोक्ता समिति पोखरा-३३**


# एसओएसमा वार्षिक खेलकुद समारोह समापन

**पोखरापत्र संवाददाता**
पोखरा, २६ पुस




पोखराको रामबजारस्थित एसओएस हर्मन माइनर विद्यालय गण्डकीको ४२ औं वार्षिक खेलकुद कार्यक्रमको एक भव्य समारोहबीच शनिवार समापन गरिएको छ। बिहीवारदेखि विद्यालयको प्राङ्गणमा सञ्चालित उक्त समारोहलाई गण्डकी प्रदेश सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका सचिव डा. शेषनारायण पौडेलले समापन गरे।

समापन समारोहमा मन्तव्य राख्दै प्रमुख अतिथि डा. पौडेलले नियम र अनुशासनको अर्को नाम खेलकुद भएको र यसको पालना गर्ने व्यक्ति मात्र सच्चा खेलाडी बन्न सक्ने बताए। हरेक क्षेत्रमा नियम सर्वाधिक महत्त्वपूर्ण भएकाले नियम उल्लङ्घन गरी जितिएको खेललाई वास्तविक खेल मान्न नसकिने उनको धारणा थियो। खेलमा सहभागी भइसकेपछि जित-हार प्राविधिक विषय भएको तर म खेल खेल्छु भन्ने दृढता नै खेलाडीको वास्तविक जित हुने पनि उनले बताए। विकसित राष्ट्रहरूमा देशले नै बालबालिकाको प्रमुख अभिभावकत्व ग्रहण गरिदिने प्रचलन रहेको तर हाम्रो देशमा त्यस्तो मनस्थिति विकास हुन सकिरहेको छैन।' सचिव पौडेलले भने, 'प्रदेशको शिक्षा, स्वास्थ्य, सामाजिकलगायतका धेरै क्षेत्रको जिम्मेवारी वहन गर्दै आइरहेको मन्त्रालय भएका नाताले बालबालिकाको शिक्षाका क्षेत्रमा उल्लेखनीय कर्म गर्दै आइरहेको एसओएसजस्तो मानवतावादी संस्थासँग सहकार्य गर्ने विषयलाई प्रदेश मन्त्रालयले विशेष चासोका साथ लिएको छ।' उनले खेलकुदमा विद्यार्थीहरूद्वारा प्रदर्शन गरिएको प्रतिभाको प्रशंसा गर्दै उत्कृष्ट विद्यार्थीहरूलाई बधाई पनि दिए। कार्यक्रमका विशिष्ट अतिथि पोखरा महानगरपालिका वडा नं. १५ का अध्यक्ष तोरणबहादुर बानियाँले सामाजिक रूपान्तरण र राष्ट्रिय गरिमासँगै आपसी भाइचाराको सम्बन्ध विकास गर्न खेलकुदको भूमिका महत्त्वपूर्ण हुने बताए। उनले यही मान्यतालाई आत्मसात् गर्दै आगामी माघ ५ देखि १० सम्म वडाले खेलकुद महोत्सव आयोजना गर्न लागेको जानकारी पनि दिए। एसओएस स्कुल गण्डकीका प्रधानाध्यापक चूडामणि सुवेदीको अध्यक्षतामा सम्पन्न समारोहमा स्वागत मन्तव्य राख्दै विद्यालयका सहप्रधानाध्यापक प्रभास पौडेलले खेलको आयाम र जीवनका यसको महत्त्वबारे चर्चा गरे। सभाअध्यक्षकबाट बोल्दै विद्यालयका प्रधानाध्यापक चूडामणि सुवेदीले सिकाइ विद्यालयको कक्षाकोठामा मात्रै नभई जीवनका हरेक क्षेत्रमा हुने बताउँदै खेलकुदमा विद्यार्थीहरूले प्रदर्शन गरेको प्रतिभाको प्रशंसासहित खेलकुद समारोहलाई सफल बनाउन सहयोग गर्ने सबै पक्षप्रति धन्यवाद ज्ञापन गरे।

समापन समारोहमा पोखरा महानगरपालिकाकी कार्यपालिका सदस्य मन्दिरा परियार, एसओएस बालग्राम पोखराका परियोजना निर्देशक लोब्स्याङ ग्याल्ट्सेन, एसओएस पोखराका प्रधानाध्यापक फुर्बु थिन्ले, एसओएस युवालय गण्डकीका प्रमुख रामचन्द्र पोखरेल, एसओएसगण्डकीकापूर्वप्रधानाध्यापक मोहनमुरारि खनाल, विद्यालय व्यवस्थापन समितिका सदस्य खगेन्द्रराज बराल, छोरेपाटनस्थित एसओएस व्यावसायिक तालिम केन्द्रका प्रमुख शिव लामिछाने, शिक्षक तथा कर्मचारी कल्याणकारी युनियन एसओएस गण्डकीका एकाइ अध्यक्ष मिलन खत्री, समाजसेवी बाबुराम बराल, तोयनाथ भट्टराई, एसओएस गण्डकीका सहप्राचार्यद्वय वीरसिंह बूढा र प्रभास पौडेल, एसओएस बालग्रामकी आमा प्रतिनिधि रेखादेवी राना, चिकित्सक डा. विजय तिमल्सिनालगायतका अन्य विशिष्ट व्यक्तित्वहरूको सहभागिता रहेको थियो। प्रतियोगितात्मक खेलका विजयी विद्यार्थीहरूलाई प्रमुख अतिथि गण्डकी प्रदेश सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका सचिव डा. शेषनारायण पौडेल, वडाध्यक्ष तोरणबहादुर बानियाँ तथा विद्यालयका प्रधानाध्यापक चूडामणि सुवेदीले संयुक्त रूपमा प्रमाणपत्र, नगद पुरस्कार तथा पदक प्रदान गरे।

# पुस ३० गतेदेखि पोखरामा मनोहर कप भलिबल हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, २६ पुस

पोखरा-१४ मनकामना टोलको खेल मैदानमा पुस ३० गतेदेखि मनोहर कप तेस्रो क्लब स्तरीय खुला पुरुष भलिबल प्रतियोगित हुने भएको छ। मनोहर युवा क्लबको आयोजनामा हुने प्रतियोगिता माघ ३ गतेसम्म चल्ने छ।

प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको क्लबका अध्यक्ष शैलेस बानियाँले जानकारी दिए। प्रतियोगितामा विजेता हुने टोलीले एक लाख ७५ हजार ५५५ रुपैयाँसहित ट्रफी, शिल्ड, मेडल र प्रमाणपत्र पाउनेछन्। दोस्रो हुने टोलीलाई एक लाख एक हजार १११ रुपैयाँ प्रदान गरिनेछ। सेमिफाइनलमा पुग्ने दुई टोलीलाई समान २० हजार प्रदान गरिने आयोजकले जनाएको छ। एक टिममा धेरैमा तीन राष्ट्रिय खेलाडी राख्न पाउने अध्यक्ष बाँनियाँले बताए। भलिबल संघको समन्वयमा हुन लागेको प्रतियोगिताका सबै खेल हेर्नका लागि दर्शकलाई निशुल्क गरिएको छ। भलिबल खेललाई प्रोत्साहन गर्दै स्थानिय युवाहरूलाई खेलकुदमा संलग्न गराउने उद्देश्य राखिएको क्लबले जनाएको छ। प्रतियोगिताले समुदायमा खेलकुदप्रति उत्साह र एकता बढाउने अपेक्षा क्लबको छ। प्रतियोगिताबाट बचेको रकमले मनोहर व्यायामशाला निर्माण गर्ने र आगामी दिनमा खेलकुद क्षेत्रमा नयाँ अवसरहरू सिर्जना गर्ने आयोजकले जनाएको छ। प्रतियोगिता सञ्चालन गर्न मूल समारोह समिति र विभिन्न उपसमितिहरू गरिएका छन्।

# चिसोका कारण सडक स्तरोन्नतिको काम स्थगित

**पोखरापत्र संवाददाता**
म्याग्दी २६ पुस

चिसो र प्रतिकुल मौसमका कारण म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ मा रहेको पर्यटकीय स्थल घोडेपानी जोड्ने सडक स्तरोन्नतिका लागि सञ्चालित योजनाको निर्माण कार्य स्थगित भएको छ।

अत्याधिक चिसोका कारण खोल्सामा पानी र तुसारो जमेको, मजदुरहरूको स्वास्थ्यमा समस्या देखिने र ढलानमा प्रयोग भएको सामग्री नजम्ने अवस्था भएपछि निर्माण कार्य स्थगित भएको हो। पूर्वाधार विकास कार्यालय म्याग्दीले सञ्चालन गरेको यो आयोजना निर्माण स्थल समुद्री सतहदेखि दुई हजार ४०० मिटरदेखि दुई हजार ८०० मिटर उचाइमा छ। पूर्वाधार विकास कार्यालय म्याग्दीका प्रमुख सिनियर डिभिजनल इञ्जिनियर डा महेन्द्र बानियाले चिसो र प्रतिकूल मौसमका कारण स्थगित भएको चित्रे-घोडेपानी सडक योजनाको कामलाई गर्मी बढेपछि फागुन महिनादेखि सुचारु गरिने बताउनुभयो। चित्रेदेखि घोडेपानी जोड्ने चार किलोमिटर दूरीको सडकमध्ये चित्रेदेखि घोडेपानीतर्फ करिब दुई किलोमिटरलाई फराकिलो बनाउने, ग्रेड र घुम्ती सुधार तथा नाली बनाउने काम सकिएको छ।

हालसम्म ३८ प्रतिशत भौतिक प्रगति भएको उक्त योजनामार्फत थप दुई किलोमिटरमा विस्तार, ग्रेड र घुम्ती सुधार गरी ग्राभेल गर्न बाँकी छ। विसं २०८१ कात्तिक १४ गते रु दुई करोड २३ लाख ९६ हजारमा विकेश जय दुप्चे जेभीले ठेक्का सम्झौता गरेको थियो। गत आर्थिक वर्षमा रु ७० लाख विनियोजन भएको यस योजनाका लागि प्रदेश सरकारले आगामी आव २०८२/०८३ का लागि रु ७५ लाख विनियोजन गरेको छ। विसं २०७५ मा गण्डकी प्रदेश सरकारको बजेटबाट मार्ग खुलेको सडक सात वर्षपछि स्तरोन्नति थालिएको हो। सडक सहज भएपछि घोडेपानी-पुनहिल क्षेत्रमा पर्यटक आगामन बढ्ने, स्थानीयवासीलाई आवतजावत गर्न सहज हुने घोडेपानीका बासिन्दासमेत रहनुभएका अन्नपूर्ण गाउँपालिकाका पूर्वअध्यक्ष डमबहादुर पुनले बताउनुभयो। गाउँपालिकाको केन्द्र पोखरेबगरदेखि चित्रे जोड्ने १८ किलोमिटर सडक सङ्घीय सरकारमार्फत गत वर्ष स्तरोन्नति भएको थियो। म्याग्दी १(१) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीका अनुसार प्रदेश सरकारले आव २०८०/०८१ मा रु तीन करोड बजेटको स्रोत सुनिश्चितता गरेर बहुवर्षीय ठेक्का लगाइएको हो।

कास्कीको नयाँपुल, तिखेढुङ्गा, उल्लेरी हुँदै म्याग्दीको घोडेपानी जोड्ने सडक पोखरा बेनी जोमसोम सडकको पर्वत पोखरेबगर खण्डको वैकल्पिक बनाउन सकिने सम्भावना भएकाले यो योजनालाई प्राथमिकता दिएको भण्डारीले बताउनुभयो। प्रदेश सांसद भण्डारी र गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका पूर्वमन्त्री एवं सांसद रेशमबहादुर जुग्जाली (सुविन)ले शुक्रबार उक्त योजनाको अनुगमन गर्नुभएको थियो। अन्नपूर्ण चक्रीय पदमार्गमा पर्ने घोडेपानी पुनहिल दृष्य अवलोकनका लागि प्रसिद्ध छ। यहाँ वार्षिक ३० हजार जनाभन्दा बढी विदेशी पर्यटक भ्रमणमा आउँछन्।

# लापसेगरी सवारी चलाउने कैद सजायको फैसला

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, २६ पुस

तपाई सिद्धार्थ राजमार्ग प्रयोग गरी सवारी चलाइरहनु भएको छ भने पहिला ख्याल गर्नुहोस ? लागुपदार्थ सेवन गरिरहनु भएको छ भने सिद्धार्थ राजमार्गमा सवारी नचलाउनु होला ।

किन भने स्याङ्जा प्रहरीले बेला–बेलामा लागुपदार्थ सेवन गरेको छ वा छैन भन्ने बिषयमा चेकिङ् गरिरहेको छ । लापसेगरी सवारी चलाउनु भएको फेला परेमा सिधै कैद सजाय हुनेगरी मुद्धा दर्ता हुन सक्छ । त्यसैले सिद्धार्थ राजमार्ग सगै स्याङ्जाका भित्री सडकमा सवारी चलाउदा अत्यन्तै ख्याल गर्नुहोला । लापसे गरी सवारी चलाउने ९ जनालाई जिल्ला अदालत स्याङ्जाले १४ दिन कैद सजाय र जनही २ सयका दरले जरिवानाको फैसला सुनाएको छ । जिल्ला प्रहरी कार्यालय स्याङ्जाले दुर्घट्ना न्युनिकरणका लागि लापसे चेकिङ्लाई तिब्रता बनाएको छ । जेठ महिनाबाट शुरु गरिएको यो अभियान हालसम्म स्याङ्जा प्रहरीले जारी राखेको छ । जिल्लामा दुर्घट्नाको तथ्याङ्क हेर्दा अधिकांश दुर्घट्ना लागुपदार्थ सेवन गरी सवारी चलाएको प्रहरीले भेट्टाएपछि लापसे चेकिङ्लाई तिब्र पारेको प्रहरीले जनाएको छ । अहिलेसम्म प्रहरीले गरेको चेकिङ् मा राजमार्ग र भित्री सडकमा चल्ने दुईपाङ्ग्रे सहित सावर िसाधन चेकिङ् गर्दा २५ प्रतिशत चालकले लागुपदार्थ सेवन गरेको तथ्याङ्क देखिने जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक दधिराम न्यौपानेले जानकारी दिए । शुरुका दिनमा लापसेगरी सवारी चलाउने चालकलाई अभद्र व्यवहारमा मुद्धा चलाएर कारवाही गरेको प्रहरीले पछिल्लो समय जिल्ला अदालत मार्फत कारवाही पक्रिया अगाडी बढाएको छ ।

लागुपदार्थ सेवन गरी सवारी चलाउने ९ जना चालकलाई जिल्ला अदालत स्याङ्जामा मुद्धा दायर गरेपछि यो बिषयले अहिल बढी चर्चा पाएको छ । लागु औषध (नियन्त्रण) ऐन २०३३ को दफा ४ को खण्ड (क) अनुसार प्रहरीले दर्ता गरेको मुद्धामा जिल्ला अदालत स्याङ्जाले जेल चलान सहित जरिवाना तिर्नुपर्ने फैसला गरेको छ । पौष ३ गते प्रहरी सहितको टोलीले सिद्धार्थ राजमार्गमा गरेको लापसे चेकिङमा ९ जना नियन्त्रणमा परेका थिए । स्याङ् जामा लागुपदार्थ सेवनगरी सवारी चलाउने चालक जेल चलानको फैसला यो पहिलो भएको बताइएको छ । जिल्ला अदालत स्याङ्जाले सुनाएको फैसलामा सिद्धार्थ राजमार्गमा सवारी साधन रोकी किटको प्रयोग गरी लागुपदार्थ प्रयोग गरे/नगरेको चेकजाँच गर्नेक्रममा पक्राउ परेका व्याक्तिहरुले लागु औषध गाँजा प्रयोग गरेको प्रमाण पुगेको उल्लेख छ । कानुनले निषेधित गरेको कसुर ठहर गरेको भन्दै १४ दिन कैद सजाय र अपराध पिडित संरक्षण ऐन २०७५ को दफा ४१ को (१) बमोजिम जनही २ सय पिडित राहत कोषमा क्षतिपुर्ति दाखिला गर्ने फैसला भएको जिल्ला अदालत स्याङ्जाका श्रेस्तेदार भुमिप्रसाद शर्माले बताए । उनका अनुसार प्रतिवादीहरुलाई ठहरेको कैद मुद्धा अनुसन्धानको क्रममा हिर ासतमा बसेको र यस अदालतको आदेश अनुसार न्यायिक हिरासतमा बसेको अवधीलाई गणनागरी भुक्तान गरेकोले जनही २ सय रुपैया दाखिला गर्ने फैसाला भएको छ । कारागारमा बस्न नपरेपनि यो सजाय जेल चलान गर्नेसम्मको सजाय भएको अदालतको फैसलामा उल्लेख छ । जिल्ला प्रहरी कार्यालय स्याङ्जामा प्रहरी प्रमुखको कमाण्ड सम्हाल्न दधिराम न्यौपाने आएपछि फरार अभियुक्त, लापसेगरी सवारी चलाउने, अबैध नदीजन्य पदार्थको बिषयमा योजना बनाएर कार्यसम्पादन शुरु गरेका थिए । दुर्घट्ना न्युनिकरण सहित लागुऔषध ओसारपसारमा स्याङ्जा बढी जोखिममा देखिन थालेपछि प्रहरी प्रमुख न्यौपानेले यसलाई नियन्त्रण गर्न योजनानै बनाएर अगाडी बढाएका थिए । सोही योजना अनुसार २८ जना मध्ये १९ जनालाई अभद्र व्यवहार सम्वन्धी मुद्धा चलाएका थिए भने ९ जनालाई अदालती प्रक्रियामा लगेर कारवाही गरेका छन् । प्रहरीको काम शान्तिसुरक्षा कायम सगै अपराधिक क्रियाकलापलाई नियन्त्रण गर्ने हो प्रहरी प्रमुख न्यौपानेले भने,'अपराधमा संलग्नहरु सबैभन्दा बढी लागुऔषध प्रयोगकर्ता छन् ।' यसलाई बेलैमा न्युनिकरण गर्न सकिएन भने समग्र शान्तिसुरक्षामा असर पर्ने गर्छ उनले भने । शान्तिसुरक्षा सवल बनाउन, सुरक्षित यात्रा गराउन र समाजलाई अपराधिक मानसिकताबाट टाढा राख्न प्रहरीले लागु औषध र फरार अभियुक्त पक्राउ गर्ने योजना अगाडी बढाएको न्यौपानेले बताए । लागुऔषधको प्रयोगमा युवावर्गहरु नै बढी देखिएपछि प्रहरीले विद्यालयस्तरबाट यो बिषयमा सचेतना जगाउदै आएको छ ।

# दियालो कृषि सहकारीको अध्यक्षमा कुलप्रसाद

**पोखरापत्र संवाददाता**
पोखरा, २६ पुस



दियालो कृषि सहकारी संस्था लिमिटेड पोखरा-२५ हेमजाको शनिबार सम्पन्न १४ औं वार्षिक साधारण सभा तथा पाँचौ चुनावी सभाले कुल प्रसाद त्रिपाठीको अध्यक्षतामा नयाँ सञ्चालक समिति निर्विरोध निर्वाचित गरेको छ ।

सञ्चालक समितिको उपाध्यक्षमा वेदराज त्रिपाठी, सचिवमा कृष्ण प्रसाद पौडेल, कोषध्यक्षमा मनिषा पोखेल सापकोटा, सदस्यहरुमा निर्मल प्रसाद बाँस्तोला, बविता बाँस्तोला, गौमाया छन्त्याल, खिमलाल त्रिपाठी र उमानाथ त्रिपाठीं निर्विरोध निर्वाचित भएका छन् । त्यसैगरी लेखा सुपरिवेक्षक समितिको संयोजकमा दिपेन्द्र बाँस्तोला तथा सदस्यहरुमा प्रकाश त्रिपाठी 'व्यथित' र ओमकुमारी आचार्य रहेका छन् । निर्वाचन उपसमितिका निर्वाचन अधिकृत होतराज त्रिपाठी तथा सदस्यहरु प्रकाशचन्द्र सापकोटा र शंकर सापकोटाको उपसमितिले नयाँ सञ्चलक समिति निर्विरोध निर्वाचित गराएको थियो । कार्यक्रममा उत्कृष्ट बचतकर्ता हरि पौडेल र शोभा सुनारलाई सम्मान गरिनुको साथै सल्लाहकार तथा सञ्चालक समितिलाई प्रशंशा पत्र प्रदान गरिएको थिए ।

यसअधि कार्यक्रममा बोल्दै गौरी शंकर बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष केशवशरण पौडेल र हेमजा बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष रामचन्द्र त्रिपाठीले सहकारीलाई मजवुद बनाउँका लागि शेयर सदस्यहरुको भूमिका ठूलो रहने भएकोले आफ्ना संस्थाका वारेमा जिज्ञासु हुनु पर्ने बताए । उक्त कार्यक्रममा संस्थाका सचिव वेदराज त्रिपाठी, कोषाध्यक्ष राजेश त्रिपाठी, लेखा सुपरिवेक्षक संयोजक प्रकाश चन्द्र त्रिपाठी, ऋण उपसमिति संयोजक कुल प्रसाद त्रिपाठीले आ-आफ्नो प्रतिवेदन प्रस्तुत गरेका थिए ।

दियालो कृषि सहकारी संस्था लिमिटेडका अध्यक्ष मोहन प्रसाद त्रिपाठीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष कुल प्रसाद त्रिपाठीले स्वागत सदस्य मनिषा पोखेल सापकोटाले सहकारीका सात सिद्धान्त र सचिव वेदराज त्रिपाठीले कार्यक्रम सञ्चालन गरेका थिए ।

# गाउँ विकास सहकारीमा योगेन्द्र

**पोखरापत्र संवाददाता**
पोखरा, २६ पुस



पोखराको बाटुलेचौरमा रहेको श्री गाउँ विकास समाज सहकारी संस्था लिमिटेडको अध्यक्षमा योगेन्द्र बहादुर बस्नेत चयन भएका छन् ।

सहकारीको शनिबार सम्पन्न १३ औं अधिवेशनले बस्नेतको अध्यक्षतामा ९ सदस्यीय सञ्चालक समिति चयन गरेको हो। सहकारीको उपाध्यक्षमा बलबहादुर थापा, सचिवमा लक्ष्मी देवकोटा, कोषाध्यक्ष कुलबहादुर खत्री र सदस्यमा मनु बस्नेत,जगत वहादुर कार्की, शिवशोभा खड्का, दिलबहादुर बानियाँ, रामजी जिसी चयन भए । त्यस्तै लेखा समिति संयोजकमा सुशील थापा र ऋण समिति संयोजकमा गोविन्द बहादुर थापा छन् । संयोजक चित्र बहादुर थापा, सदस्य सुशील बस्नेत र प्रकाश थापाको निर्वाचन समितिले संचालक समिति चयन गरेको हो।सहकारीले उत्कृष्ट दैनिक बचतकर्ता यज्ञबहादुर बस्नेत, मासिक बचतकर्ता बाबुराम श्रेष्ठ र उत्कृष्ट कारोवारीमा अनिता गुरुङ सम्मानित भए । उनीहरुलाई प्रमुख अतिथि सहकारीका सल्लाहकार दुर्गालाल श्रेष्ठ, सल्लाहकार दुर्गा केसी थापा, निर्वाचन समितिका संयोजक चित्र बहादुर थापा लगायतले सम्मान गरे । यसअघि सभाको उद्धाटन गर्दै सल्लाहकार दुर्गालाल श्रेष्ठले स साना वचतकर्ताको साथ र सहयोगले नै सहकारी संस्था दिगो बन्ने बताए । कार्यक्रममा समाजसेवी चित्रबहादुर थापा, मनु बस्नेत, उपाध्यक्ष सुशील बस्नेत लगायतले सहकारीका विषयमा बोलेका थिए। अध्यक्ष कर्णबहादुर खड्काको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचिव योगेन्द्र बहादुर बस्नेतले गरेका थिए ।सभाले कोषाध्यक्ष सुशील बस्नेतको आर्थिक र लेखा संयोजक कुलबहादुर खत्रीले पेश गरेको लेखा प्रतिवेदन पारित गरेको छ ।

# अधिकृत बिक्रेता संघ पोखराको अध्यक्षमा पौडेल निर्वाचित

**पोखरापत्र संवाददाता**
पोखरा, २६ पुस



अधिकृत बिक्रेता संघ, पोखराको १९ औं साधारण सभा तथा १०औं अधिवेशन शनिवार पोखरामा सम्पन्न भएको छ ।

अधिवेशनले तेजेन्द्र पौडेलको अध्यक्षतामा ११ सदस्यिय कार्य समिति सर्वसम्मत निर्वाचित गरेको छ । संघको बरिष्ठ उपाध्यक्षमा दिलिपकुमार श्रेष्ठ, उपाध्यक्षमा रबि सापकोटा, महासचिव मा राजेन्द्र श्रेष्ठ, उप महासचिवमा ज्ञानेन्द्र गौतम, कोषाध्यक्षमा देवेन्द्र प्रजु तथा सह कोषाध्यक्षमा नबराज अधिकारी चुनिएका छन् । तेसैगरी कार्यसमिति सदस्यहरुमा, अमृत सापकोटा, बिजेन्द्र शर्मा पौडेल, सन्दिप भट्टराई, ध्रुबराज थापा , विनय राजभण्डारी छानिएका छन् । संघको बिधान अनुसार थप दुई सदस्यहरू पहिलो बैठकबाट मनोनित गर्ने प्राबधान रहेको छ ।

यसअघि अधिवेशनको उद्घाटन गदै नेपाल उद्योग बाणिज्य महासंघका बरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले, सरकारले निजि क्षेत्रलाई हेर्ने दृष्टिकोण परिवर्तन गर्न नसकेको आरोप लगाए । उनले नेपालको अर्थतन्त्रमा ८१ प्रतिशत व्यवसायीको योगदान रहेको भन्दै ८६ प्रतिशत रोजगारी , ७५ प्रतिशत कर व्यवसायीले नै तिर्दै आएका छन् भने अझैपनी ब्यवसाय ढुक्कसंग गर्ने वातावरण बन्न नसकेकोमा चिन्ता व्यक्त गरे । वरिष्ठ उपाध्यक्ष श्रेष्ठले आगामी बैशाखबाट महासंघको नेतृत्व आफुले सम्हाल्ने भन्दै आफ्नो नेतृत्वमा बृहत्त कार्ययोजना बनाएर व्यवसायीको हितमा अगाडी बढ्ने जानकारी दिए । उनले स्वदेशी उत्पादनलाई महत्व दिने कार्य योजना अगाडी सार्ने प्रतिबद्धता व्यक्त गरे । यसअघि महासंघको पहलमा लगानी सम्मेलन र उच्च स्तरीय आर्थिक सुधार आयोग गठन भएको औँल्याउँदै उनले ब्यवसाय सुरक्षा, लगानीको वातावरण, उत्पादन क्षेत्रको सुधारमा केही सफलता हासिल गरे पनि पछिल्लो समय भदौ २३ र २४ गतेको जे न - जी आन्दोलनका कारण निजिक्षेत्र थला परेको जनाए । थला परेको निजी क्षेत्रलाई उकास्न व्यवसायिक सुधार आवश्यक रहेको उनको भनाइ थियो । एक प्रसङ्गमा उनले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तराष्ट्रिय उडान सहित देशका प्रमुख शहरहरुमा नियमित हवाई उडान जोड्नु पर्ने तथा गण्डकी प्रदेशको आर्थिक तथा पर्यटकीय विकासमा कावासोती, भिमाद पोखरा सुरुङ्ग मार्ग निर्माण गर्न सक्ने हो भने पोखरा लगाएत यो प्रदेशको छिटो बिकाश हुन सक्ने धारणा राखे ।

कार्यक्रममा नेपाल बितरक महासंघका निवर्तमान अध्यक्ष हरिराज पन्त, अधिकृत बिक्रेता संघ पोखराका संस्थापक अध्यक्ष गोबिन्दप्रसाद कर्माचार्य, पोखरा उद्योग वाणिज्य संघ का अध्यक्ष गोकर्ण कार्की, लेखनाथ उद्योग बाणिज्य संघका अध्यक्ष जानुका पराजुली अधिकारी , नेपाल बितरक महासंघ गण्डकी प्रदेश अध्यक्ष बद्री ढुङ्गना, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधबप्रसाद बराल, पोखरा चेम्बर अफ कमर्सका अध्यक्ष उमराज बाँस्तोला, हिमालयन एभरेष्ट ईन्स्योरेन्स गण्डकी प्रदेशका प्रमुख शिब सुबेदी, कम्प्युटर एशोसिएसन नेपाल कास्कीका अध्यक्ष पुरुषोत्तम कुँवर लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । अधिकृत बिक्रेता संघ पोखराका अध्यक्ष मनोजकुमार श्रेष्ठको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा बरिष्ठ उपाध्यक्ष तेजेन्द्र पौडेलले धन्यवाद ज्ञापन तथा महासचिव दिलिपकुमार श्रेष्ठले कार्यक्रम सञ्चालन गरेका थिए । कार्यक्रममा अध्यक्ष मनोजकुमार श्रेष्ठले सहभागी सबैलाई स्वागत गर्दै तहस नहस बनेको निजी क्षेत्र ले पटक पटकका भारहरू थेग्न नसक्ने भन्दै सरकारले व्यवसायमा स्थिरता सुनिश्चित गर्न माग गरे । अधिवेशनमा महासचिव दिलिपकुमार श्रेष्ठले प्रस्तुत गरेको महासचिवको प्रतिवेदन तथा कोषाध्यक्ष राजेन्द्र श्रेष्ठद्वारा प्रस्तुत आर्थिक प्रतिवेदन सर्वसम्मत पारित गरिएको थियो ।

# गाउँ-गाउँमै पुगेर क्षयरोगी खोजी गर्दै गण्डकी सरकार

**पोखरापत्र संवाददाता**
बागलुङ, २६ पुस

गण्डकी प्रदेश सरकारले गाउँ-गाउँमै पुगेर क्षयरोगीको खोजी सुरु गरेको छ। गण्डकीका ११ जिल्लामा पुगेर प्रदेश सरकारले छातीको एक्सरेद्वारा क्षयरोगी खोजी सुरु गर्न थालेको हो ।

प्रादेशिक रोग नियन्त्रण केन्द्र गण्डकी प्रदेशबाट चिकित्सकसहितको प्राविधिक टोलिले गण्डकी प्रदेशका जिल्लाजिल्लामा पुगेर जाँच सुरु गरिसकेको छ । अघिल्लो वर्ष प्रदेशका ११ जिल्लाका विभिन्न क्षयरोगको उच्च जोखिम रहेको पालिकामा पुगेर ३२ हजारभन्दा बढी नागरिकको स्वास्थ्य जाँच गर्दा ४५२ जनामा क्षयरोगको सङ्क्रमण देखिएको थियो । यस वर्ष पनि बागलुङसँगै तनहुं, गोरखा, लमजुङ, स्याङ्जा र नवलपुरका विभिन्न स्थानीय तहमा शिविरनै सञ्चालन गरिएको छ । शिविर अन्तर्गत शुक्रबार बागलुङको ढोरपाटन नगरपालिका-७, ८ र ९ का नागरिकको बोबाङ स्वास्थ्य चौकीमा स्वास्थ्य जाँच गरिएको छ । शिविरमा ३६५ जनाको जाँच गरिएको प्रादेशिक रोग नियन्त्रण केन्द्र गण्डकी प्रदेशका ल्याव टेक्निसियन तथा 'एक्सरेद्वारा छातिरोगसम्बन्धी खोजपडताल शिविर' कार्यक्रमका फोकल पर्सन राजेन्द्र रानाभाटले जानकारी दिनुभयो । रानाभाटका अनुसार १२ जनामा क्षयरोगको सङ्क्रमण देखिएको छ । सङ्क्रमितलाई औषधि सेवन गराउन सुरु गरेको रानाभाटले बताउनुभयो । जाँच गरिएकामध्ये ३२ जनामा सङ्क्रमणको लक्षण देखिएपछि थप जाँचका लागि खकार सङ्कलन गरिएको उहाँले बताउनुभयो ।

बिहीबार गलकोट नगरपालिकामा २२४ जनाको जाँच गर्दा तीन जनामा क्षयरोगको सङ्क्रमण देखिएको छ । ११ जना शङ्कास्पदको खकार परीक्षणका लागि सङ्कलन गरिएको रानाभाटले जानकारी दिनुभयो ।

स्वास्थ्यमन्त्री कृष्ण पाठकले नागरिकको स्वास्थ्य, स्वास्थ्य मन्त्रालय र प्रमुख प्राथमिकता भएको भन्दै नसर्ने रोगको निवारणका लागि गाउँगाउँमै शिविर सञ्चालन गरिएको बताउनुभयो । स्वास्थ्य मन्त्रालयले अघिल्लो आर्थिक वर्षदेखिनै यस कार्यक्रम सुरु गरेको र यस वर्ष पनि रु ४० लाख बजेट विनियोजन गरेको उहाँको भनाइ छ ।

स्वास्थ्यमन्त्री पाठकले भन्नुभयो, "नागरिकलाई स्वस्थ्य राख्नु पर्ने दायित्व सरकारको हो, अघिल्लो वर्षदेखिनै प्रदेश सरकारले क्षरोग न्यूनीकरणका लागि खोजपडताल अभियान चलाएको छ, यस वर्ष पनि उच्च जोखिम रहेको दूरदराजका गाउँमा शिविर चलाएर रोग पत्ता लगाउने काम भइरहेको छ ।"


## भाटभटेनी ब्यापारिक भवनको वातावरणीय प्रभाव मूल्याङ्कनको प्रतिवेदन तयारीको सार्वजनिक सुनुवाईको सूचना

**(प्रकाशित मिति २०८२/०९/२७ गते)**

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं २९ तालचोकमा भाटभटेनी सुपर मार्केट एण्ड डिपार्टमेन्टल स्टोर प्रा. लि. द्धारा ब्यापारिक भवनको कार्यान्वयन गरीन लागेको छ ।

| | |
|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | भाटभटेनी सुपर मार्केट एण्ड डिपार्टमेन्टल स्टोर प्रा. लि.<br>बागमती प्रदेश, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका-१, कुपन्डोल<br>ईमेलः sparkconstruction2069gmail.com, फोन नं.: ९८५१२८४९०१ |
| प्रस्तावको व्यहोरा | गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं २९ तालचोकमा कित्ता नम्बर ५७७२, ६३८६, ६०९३, ९६३२, ९६३०, १३२१९, १३२२०, १३३३६, १३३३१, १३३१०, ५७६९, ५७७०, ९६३३, १२६०८, १३६२, १२६१० लगायतको ६१६८.०५ वर्ग मि. को जग्गामा बन्न लागेको भाटभटेनी ब्यापारिक भवनमा बेसमेन्ट बाहेक ६ तल्लाहरु रहने छन् । यस भवनको कूल निर्माण क्षेत्रफल १३,२१८.०५ वर्ग मि. हुनेछ भने उचाई २४ मिटर हुनेछ । |
| प्रभाव पर्न सक्ने जिल्ला स्थानीय तह | पोखरा महानगरपालिका वडा नं २९ तालचोक |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन सम्बन्धी क्षेत्र निर्धारण गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका वडा कार्यालय, विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सातदिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिन हुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **भाटभटेनी सुपर मार्केट एण्ड डिपार्टमेन्टल स्टोर प्रा. लि.**<br>**गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका-२९, तालचोक**<br>**ईमेलः** sparkconstruction2069gmail.com **फोन नं.:** ९८५१२८४९०१ |
| **परामर्शदाताको नाम र ठेगाना** | **देउराली कन्सल्टिङ इन्जिनियर्स प्रा.लि., गण्डकी प्रदेश, पोखरा-३१, नेपाल**<br>**ईमेलः** deuralicon37@gmail.com, **फोन नं:** ९८५१०७३७४५ |